बैठक सञ्चालन कार्यविधि-२०७४

## अनुसूची - १

### बुदा नं १२.२ सँग सम्बन्धित

बैठक संख्याः ८०

मितिः २०७९/०७/२४

अध्यक्षताः श्री ऋषि केशव बुढा मगर

**कार्यपालिकाका पदाधिकारीहरुः**

| | | |
|---|---|---|
| १. | श्री ऋषि केशव बुढा मगर | अध्यक्ष |
| २. | श्री सर्मिला बुढा मगर | उपाध्यक्ष |
| ३. | श्री हेमराज घर्तीमगर | सचिव (प्रमुख प्रशासकीय अधिकृत) |
| ४. | श्री हिरा प्रसाद बुढामगर | १ नं वडा अध्यक्ष |
| ५. | श्री अभिलाषा रोका | २ नं वडा अध्यक्ष |
| ६. | श्री जनक बुढा | ३ नं वडा अध्यक्ष |
| ७. | श्री हिक्मत घर्ति मगर | ४ नं वडा अध्यक्ष |
| ८. | श्री गोवर्धन घर्ति | ५ नं वडा अध्यक्ष |
| ९. | श्री सुन कामी | कार्यपालिका सदस्य |
| १०. | श्री रामकली विश्वकर्मा | कार्यपालिका सदस्य |
| ११. | श्री पुन बहादुर विश्वकर्मा | कार्यपालिका सदस्य |
| १२. | श्री सुमित्रा सुनार | कार्यपालिका सदस्य |
| १३. | श्री बन्दना वि क | कार्यपालिका सदस्य |
| १४. | श्री जुन कुमारी पुन | कार्यपालिका सदस्य |

**अन्य उपस्थितिः**

| | | |
|---|---|---|
| १. | श्री भिमसेन बुढा मगर | सूचना प्रविधि अधिकृत |
| २. | श्री विष्णु पौडेल | रोजगार संयोजक |
| ३. | श्री देवदत्त रिजाल | सहायक पाँचौं |
| ४. | श्री निर्धक रोका | कार्यलय सहयोगी |
| ५. | श्री धनमाया रोका | कार्यलय सहयोगी |

**प्रस्तावः**

१. भवन निर्माणको म्याद थप सम्बन्धमा ।

२. कर्मचारी व्यवस्थापन सम्बन्धमा ।

३. आर्थिक प्रशासन शाखाको लागि कर्मचारी माग सम्बन्धमा ।

४. विविध ।

**निर्णयः**

प्रस्ताव नं १ माथि छलफल गर्दा २०७९ असोज समान्त सम्म निर्माण सम्पन्न गर्ने गरी म्याद थपिएको न्यू ड्राईगन निर्माण सेवा प्रा.लि.को प्रशासनिक भवन निर्माणको ठेक्काको म्याद २ वटा निम्न माइलस्टोन तोकी २०७९ पुष मसान्तसम्म थप गर्ने निर्णय गरियो ।

**माइलस्टोन**

१. मंसिर १५ गते सम्म इलेक्ट्रिकल, स्यानिटरी, झ्याल ढोका र पलाष्टरको कार्य पुरा गर्ने ।

२. पुष मसान्त भित्र बाँकी रहेको पेन्टिङ, टायल, मार्वल र रेलिङ निर्माण कार्य पूरा गरी कार्यालयलाई हस्तान्तरण गर्ने ।

प्रस्ताव नं २ माथि छलफल गर्दा मिति २०७९/०६/०८ गतेको ७९ औं कार्यपालिका बैठकबाट वडा नं ३ को पञ्जिकाधिकारीको जिम्मेवारी खा.पा.स.टे. श्री शिव कुमार ओलीलाई दिने निर्णय भएकोमा उक्त निर्णय हेरफेर गरी अ.न.मि श्री सविना बुढालाई मिति २०७९/०७/१६ गतेदेखि लागु हुने गरी अर्को व्यवस्था नभएसम्मका लागि पञ्जिकाधिकारी तोक्ने निर्णय गरियो ।

प्रस्ताव नं ३ माथि छलफल गर्दा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७९/०५/२१ गतेको सरुवा निर्णय अनुसार अन्तर स्थानीय तह सरुवा भै रिक्त रहेको आर्थिक प्रशासनको कामकाज गर्ने गरी कर्मचारी खटाइदिन को.ले.नि.का. रोल्पालाई माग गर्ने निर्णय गरियो ।

प्रस्ताव नं ४ माथि छलफल गर्दा प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन २०७९, मतदाता शिक्षा कार्यक्रम निर्देशिकाको दफा ११ को उपदफा ६ बमोजिम मतदाता शिक्षा कार्यक्रम सञ्चालनको लागि आवश्यक पर्ने आर्थिक व्ययभार पालिकाको स्वीकृत बजेट शीर्षक/उपशीर्षकबाट खर्च गर्ने निर्णय गरियो ।

यस गाउँपालिकामा २०७९ साउन ७ गते पछाडि प्राप्त निवेदन उपर विचार गरी प्रक्रिया पूरा भै पेश भएका निम्न व्यक्तिहरुलाई विपद् व्यवस्थापन कोष (सञ्चालन) कार्यविधि, २०७५ को दफा ७ बमोजिम राहत स्वरुप तपशिल बमोजिमको दरले रकम प्रदान गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| क. काले कामी वडा नं. ५, | -रु १० हजार |
| ख. आसपुरा घर्ती वडा नं. ५, | -रु १० हजार |
| ग. बसन्ति वि.क. वडा नं. १ | -रू १०,०००/- |
| घ. रामकली वि.क. वडा नं. १ | -रु ८,०००/- |
| ङ. जमुना वि.क. वडा नं. १ | -रु ५,०००/- |

यस थवाङ गाउँपालिकाका लागि नेपाल सरकारले स्वीकृत गरेको दरबन्दीको अधिनमा रहि करारमा प्राविधिक कर्मचारी भर्नालाई व्यवस्थित गर्न "थवाङ गाउँपालिकामा करारमा प्राविधिक कर्मचारीलाई व्यवस्थित गर्ने सम्बन्धी कार्यविधि २०७९" स्वीकृत गर्ने निर्णय गरियो।

यस थवाङ गाउँकार्यपालिकाको कार्यालय रोजगार सेवा केन्द्र अन्तर्गत सम्पूर्ण वडाबाट सूचिकृत भएका ५९५ जना बेरोजगार व्यक्तिहरूको "रोजगारीको हक सम्बन्धी नियमावली २०७५", को दफा ७ को उपदफा ५ बमोजिम सूची स्वीकृत गर्ने निर्णय गरियो।

यस थवाङ गाउँपालिकामा गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमको कार्यान्वयनलाई प्रभावकारी बनाउन "गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७" को दफा ५२ को उपदफा १ बमोजिम तपशिल बमोजिमको उद्यम विकास समितिको गठन गर्ने निर्णय गरियो।

**तपशिल**

| | | |
|---|---|---|
| १. | गाउँपालिका अध्यक्ष | -संयोजक |
| २. | आर्थिक विकास समिति संयोजक | -सदस्य |
| ३. | प्रमुख प्रशासकीय अधिकृत | -सदस्य |
| ४. | सुमित्रा सुनार(सभाको महिला सदस्य) | -सदस्य |
| ५. | बुद्धि बहादुर घर्ति (सहकारी) | -सदस्य |
| ६. | चाहाना घर्ती मगर(लघु उद्यमी) | -सदस्य |
| ७. | शाखा प्रमुख | -सदस्य सचिव |

यस थवाङ गाउँपालिकामा गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमको कार्यान्वयनलाई प्रभावकारी बनाउन "गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७" को दफा ५८ को उपदफा ३ बमोजिम तपशिल बमोजिमको अनुगमन उपसमिति गठन गर्ने निर्णय गरियो।

**तपशिल**

| | | |
|---|---|---|
| १. | गाउँपालिका उपाध्यक्ष | -संयोजक |
| २. | जुन कुमारी पुन (कार्यपालिका महिला सदस्य) | -सदस्य |
| ३. | भिमसेन बुढा मगर (अधिकृत स्तर कर्मचारी) | -सदस्य |
| ४. | विन प्रकाश रोका (लघु उद्यमी प्रतिनिधि) | -सदस्य |
| ५. | भगवती पुन (शाखामा कार्यरत कर्मचारी) | -सदस्य सचिव |

यस थबाङ गाउँपालिकाको जलस्रोत तथा मुहान दर्ता कार्यविधि, २०७७ को दफा ९ बमोजिम तपशिल बमोजिमको गाउँ जलस्रोत समिति गठन गर्ने निर्णय गरियो।

**तपशिल**

| | | |
|---|---|---|
| १. | गाउँपालिका अध्यक्ष | -अध्यक्ष |
| २. | जलस्रोत दर्ता गर्ने वडा अध्यक्ष | -सदस्य |
| ३. | सामुदायिक वनको प्रतिनिधि | -सदस्य |

४. प्रर्वाधार शाखा प्रमुख -सदस्य
५. कृषि शाखा प्रमुख -सदस्य
६. कुमार रोका(गाउँपालिका सदस्य) -सदस्य
७. प्रमुख प्रशासकीय अधिकृत -सदस्य सचिव

यस थवाङ गाउँपालिका वडा नं १ झकिबाङ स्थित जलजला अस्पताल तथा अनुसन्धान केन्द्रमा लामो समय देखि स्वयमसेवारत जापानी डाक्टर रियुकिची इसिदालाई सम्मानार्थ नागरिकता तथा राष्ट्रिय विभुषणको लागि सिफारिस गर्ने निर्णय गरियो ।

यस गाउँपालिकाको पोषण विशेष कार्यक्रमको गुणस्तर सुधार निर्देशिका २०७८ परिच्छेर्द-२ को गुणस्तर सुधार समिति गठनको ग अनुसार स्थानीय तहमा गुणस्तर सुनिश्चितता कार्यसमिति तपशिल बमोजिम गठन गर्ने निर्णय गरियो ।

**तपशिल**

१. गाउँपालिका अध्यक्ष -संयोजक
२. गाउँपालिका उपाध्यक्ष -सदस्य
३. गाउँपालिका रहेको वडाको निर्वाचित महिला सदस्य -सदस्य
४. सामाजिक विकास समिति संयोजक -सदस्य
५. प्रमुख प्रशासकीय अधिकृत -सदस्य
६. महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा प्रमुख -सदस्य
७. स्वास्थ्य संस्था प्रमुख (राजकुमार बुढा) -सदस्य
८. शिक्षा तथा खेलकुद शाखा प्रमुख - सदस्य
९. गै स सा स -सदस्य
१०. धनरुपा बुढा (महिला स्वयंसेविका) -सदस्य
११. स्वास्थ्य तथा सरसफाई शाखा प्रमुख -सदस्य सचिव

यस गाउँपालिकाको आधारभूत स्वास्थ्य सेवा सम्बन्धि नागरिक वडा पत्र र निःशुल्क वितरण गरिने औषधिहरुको सूचीको ड्राफ्ट स्वीकृत गर्ने निर्णय गरियो ।